# नेपाल राजपत्र

## भाग ४

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, मङसीर १७ गते २०३१ साल**

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०३१।३।१८ को निर्णयानुसार यस मन्त्रालयका उप-सचिव मधुसूदनप्रसाद गोर्खाली का. मु. सह–सचिव हुनु भएकोले सो उप–सचिव पदमा यसै मन्त्रालयका शाखा अधिकृत श्री कृष्णप्रसाद न्यौपानेलाई मिति २०३१।३।२८ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले मिति २०३१।५।२४ को निर्णयानुसार यस मन्त्रालयमा रिक्त रहेको उप–सचिव पदमा यसै मन्त्रालयका शाखा अधिकृत श्री यज्ञप्रसाद थपलियालाई मिति २०३१।४।११ देखि बढीमा ३. (तीन) महीनाको लागि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

६३३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गराएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

यस मन्त्रालयका शाखा अधिकृत श्री समरबहादुर श्रेष्ठ कायम मुकायम प्रमुख जिल्ला अधिकारी भएकोले सो पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले यसै मन्त्रालयका ना. सु. श्री रामप्रसाद पराजुलीलाई मिति ०३१।५।१३ देखि कायम मुकायम मुकरर गरेको छ।

शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

यस मन्त्रालयका शाखा अधिकृत श्री शरदकुमार भट्टराई कायम मुकायम प्रमुख जिल्ला अधिकारी भएकोले सो पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) को नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले यसै मन्त्रालयका ना.सु. श्री रत्नप्रसाद श्रेष्ठलाई मिति ०३१।५।१३ देखि कायम मुकायम मुकरर गरेको छ।

शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

प्रमुख जिल्ला अधिकारीको कार्यालय, बाग्लुङका प्रमुख जिल्ला अधिकारी श्री अम्बिका भक्त शर्मा सेडा तालीममा भाग लिन जानुभएकोले निज फर्की नआएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै मन्त्रालयका बडालेखापाल श्री शैलराज शर्मालाई मिति ०३१।६।१३ देखि कायम मुकायम मुकरर गरेको छ।

शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

६३४

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना

यस मन्त्रालयका बडालेखापाल श्री शैलराज शर्मा कायम मुकायम प्रमुख जिल्ला अधिकारी भएकोले सो पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै मन्त्रालयका लेखापाल श्री अबुल कलम आजादलाई मिति ०३१।६।२२ देखि कायम मुकायम मुकरर गरेको छ।

शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना

यस मन्त्रालयका बडालेखापाल श्री बिजयबहादुर खड्का कायम मुकायम प्रमुख जिल्ला अधिकारी भएकोले सो पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै मन्त्रालयका लेखापाल श्री प्रेमलाल श्रेष्ठलाई मिति ०३१।६।३ देखि कायम मुकायम मुकरर गरेको छ।

शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना

प्रमुख जिल्ला अधिकारीको कार्यालय तेह्रथुमका प्रमुख जिल्ला अधिकारी श्री राममणी मुडभरी सेडा तालीममा भाग लिन जानुभएकोले निज फर्की नआएसम्मको लागि सो प्रमुख जिल्ला अधिकारी पदमा निजामती सेवा नियमावली, २०२१ (संशोधन सहित) नियम ८.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले यसै मन्त्रालयका बडालेखापाल श्री बिजयबहादुर खड्कालाई मिति ०३१।६।१ देखि कायम मुकायम मुकरर गरेको छ।

६३७

शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

## श्री ५ को सरकार
## गृह मन्त्रालयको
## सूचना

मिति २०३१।७।२३ को निर्णयानुसार श्री ५ को सरकारले प्रमुख जिल्ला अधिकारीको कार्यालय काभ्रेको शाखा अधिकृत श्री अक्षतमान प्रधानलाई प्रमुख जिल्ला अधिकारीको कार्यालय बैतडीको रिक्त शाखा अधिकृत पदमा सरुवा गरेको छ ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

६३५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित । मात्र लागु हुनेछ।